कर्णाली प्रदेश सरकार

भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी विकास निर्देशनालय

# पशु अस्पताल तथा पशु सेवा कार्यालय

कालिकोट

पत्र संख्याः ०८२।०८३

चलानी नः

## आगामी आर्थिक वर्षमा कार्यान्वयन हुने आयोजना प्रस्ताव दर्ता गर्ने सम्बन्धि सूचना

प्रकाशित मितिः२०८२।०८।११

उपर्युक्त सम्बन्धमा कार्णाली प्रदेश सरकारद्वरा स्वीकृत आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी ( दोस्रो संशोधन) कार्यविधि २०८२ मा आयोजना बैंकमा प्रविष्ट भएका आयोजनाहरु मात्र प्रदेश सरकारले वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यन्वयन गर्ने व्यवस्था भएको हुदा सो कार्यविधिको दफा ४ को उपदफा १ बमोजिम सरोकारवला स्थानीय तह र कालीकोट जिल्लाका प्रदेश सभा सदस्यहरुले यस कार्यालयमा आगामी आर्थिक वर्षमा कार्यान्वयन गर्ने आयोजनाका लागि आयोजना प्रस्ताव दर्ता गर्ने समयावधि मंसिर मसान्तसम्म भएकाले सोहि कार्यविधिको अनुसूची -२ बमोजिमको ढाँचामा आयोजना प्रस्ताव दर्ता गर्नु गराउन हुन सम्वन्धित सरोकारवला सबैलाई यो सूचना गरिएको छ।

धन बहादुर महत
पशु विकास अधिकृत
कार्यालय प्रमुख

तपशिल

**आयोजना प्रस्तावका विषय क्षेत्रगत आधारः**

**(क) सामान्य आधारः**

१ प्रदेशको तिब्र आर्थिक वृद्रिमा पुरयाउने योगदान
२ विकास निर्माणमा जनसहभागिताको योगदान
३ दिगो विकासका समग्र लक्ष्य हासिल गर्न पुर्याउने योगदान
४ सामाजिक समावेशिकरण र लैङ्गिक मूल प्रवाहिकरणमा पुर्याउने योगदान
५ आयोजनाको पूर्व तयारीको अवस्था र सम्पन्न हुन लाग्ने समय
५ प्रदेशको प्रथामिकता वा तुलनात्मक लाभका क्षेत्रमा पुर्याउने योगदान।

**(ख) क्षेत्रगत आधारः**

१ चालु प्रदेशिक आवधिक योजुनाको क्षेत्रगत लक्ष्य र उदेश्य अनुरुप नतिजा प्राप्तिमा पुग्ने योगदान ।

२ दिगो विकासका क्षेत्रगत लक्ष्य हासिलमा पुर्याउने सहयोग।

**आवस्यक कागजातहरुः**

१ आयोजना प्रस्ताव माग सम्बन्धि अनुसूची -२ बमोजिमको ढाँचामा उल्लेख गरीएको व्यावसायिक योजना पेश गर्नु पर्ने छ।
२ स्थानिय तहको हकमा आयोजना पहिचान गरी कार्यपालिकाबाट निर्णय गराई आयोजना माग प्रस्ताव पेश गर्नु पर्नेछ।
३ जनसहभागितामा संचालन हुने आयोजनाको हकमा आयोजना प्रस्तावकले आयोजना लागतको न्यूननतम बिस प्रतिशत स्रोत व्यहोर्ने प्रतिवद्धता जनाएको हुनुपर्नेछ।
४ कृषक समुह / कृषि सहकारी संस्था / व्यावसायि कृर्षि फर्म/ कृर्षि कम्पनि / कृर्षि उद्योगहरुले सम्वन्धित पालिकामा आफ्नो प्रस्तावना पेश गर्नु पर्नेछ र पालिकाले कार्यापालिकाको निर्णय सहित यस कार्यालयमा पठाउनु पर्नेछ।

**पुनश्चः** आ व २०८२।०८३ आयोजना बैंकमा प्रविष्ट भएका योयोजना बाहेक नयाँ आयोजना मात्र पेश गर्न हुन अनुरोध गरिन्छ।अन्य कागजात तथा प्रकृया आयोजना प्रस्ताव तथा छनोट प्रकृया सम्बन्धि दोस्रो संशोधन कार्यविधि २०८२ अनुसार हुनेछ र थप जानकारिका लागि फन नं ०८७४४००२३ मार्फत जानकारी लिन सकिने छ।


टेलिफोन नं. ०८७-४४००२३ ,फयाक्स नं. ०८७-४४००२३
इमेल :- vetseckalikot@gmail.com